✓ ☎ ०७८-५४०१७०, ५४०४१५

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी
गण्डकी प्रदेश, नेपाल

च.नं.: २१५०
प.सं.: ०७६/०७७

मिति :२०७७/१/३१

## विषय :- सुचना ।

१. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत निर्माण मापदण्ड २०७२ ( पहिलो संसोधन ) ले तोकेका शर्तहरु भवन नक्शामा स्पष्ट रुपमा देखिनु पर्नेछ ।

२. नयाँ घरको नक्शा A3 साईज पेपरमा तोकिएको स्केलमा तयार गरि ३ प्रति यस कार्यालयमा पेश गर्नुपर्नेछ । A3 मा स्क्यान कपि लाई मान्यता दिईने छैन ।

३. घर नक्शा पुर्ण रुपमा तयार भएपछि मात्र दर्ता गरिनेछ । दर्ता गर्दा घरधनि स्वयम अनिवार्य उपस्थित हुनुपर्नेछ । घरधनि स्वयम अनिवार्य उपस्थित हुन नसकेमा वारिसनामा दिइएको ब्यक्ति अनिवार्य उपस्थित भई निवेदन दर्ता गर्न सकिनेछ ।

४. नयाँ नक्शा पेश गर्दा निवेदनमा उल्लेख गरिएका सबै कुराहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

५. नक्शा पेश गर्दा मान्यता प्राप्त कन्सल्टेन्सीको छाप सहित ईन्जिनियरको नाम र काउन्सील नम्बर उल्लेख गर्नुपर्नेछ ।

६. नयाँ घरको नक्शा तयार गर्नु पुर्व निबेदकले नगरपालिकामा निबेदन दिई अमिन तथा सव ईन्जिनियर / अ.सव ईन्जिनियरद्धारा अनिवार्य रुपमा स्थलगत चेकजाँच गरिसके पछि मात्र नक्शा पास पक्रिया अगाडी बढाउनु पर्नेछ ।

७. भवन निर्माण क्रममा परामर्शदाता संस्थाको प्राविधिक ( ईन्जिनियर / सव ईन्जिनियर ) बाट कम्तिमा ३ पटक अनुगमन तथा निरिक्षण गरि सो कार्यको प्रतिवेदन यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. भवन निर्माण मापदण्ड विपरिथ कुनै पनि कन्सल्टेन्सीले कार्य गरेमा स्पष्टिकरणको लागि सम्बन्धित ईन्जिनियरलाई नगरपालिकाले जुनसुकै बेलाका पनि थप कुरा प्रष्ट हुन बोलाउन सक्नेछ । मापदण्ड विपरितको कार्य गरेको पुष्टि भएमा सम्बन्धित परामर्शदातालाई यस कार्यालयको नक्शा पास सम्वन्धि कार्यविधि २०७५ वमोजिम कारवाही हुनेछ ।

९. जग्गा धनि र नगरपालिकामा सुचिकृत निर्माणकर्ता बिच अनिवार्य रुपमा सम्झौता पत्र बनाई निर्माण कार्य अगाडी बढाउनु पर्नेछ ।

१०. अन्य थप कुरा बुझ्न परेमा नगरपालिका कार्यालयको भुमि व्यवस्थापन तथा भवन नियमन शाखामा सम्पर्क राख्न सकिनेछ ।

कीर्तनराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कीर्तनराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत